लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

मधेश प्रदेश, नेपाल

# आन्तरिक आय(बजार) ठेक्कासँग सम्वन्धित सूचना ।

**(प्रथम पटक प्रकासित मिति : २०८२/१०/११)**

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ र ६१ मा व्यवस्था भए बमोजिम देहाय बमोजिमका आन्तरिक आय संकलन आ.ब. २०८२/०८३ को बाकीं अवधिको लागि लालबन्दी नगरपालिकाले तोकेको दररेटमा ठेक्का बन्दोबस्त मार्फत संकलन गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनिहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०८१/०८२ को करचुक्ताको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनका साथ तोकिएको दस्तुरमा दरभाउपत्र फारम यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले **१५(पन्ध्र)** दिनभित्र खरिद गरी रीत पूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र **१६(सोहौं) दिनको मध्यान्ह १२:०० बजे भित्र** पेश गर्नु हुन यस कार्यालयको मिति २०८२।१०।०९ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | ठेक्काको किसिम | क्षेत्र | न्यूनतम अंक(मु.अ.कर बाहेक) | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. ०८-०८२/०८३ | खसि, बाखा तथा राँगा मासु बजार ( स्टल र सटर बाहेक), लालबन्दी बजार क्षेत्र | लालबन्दी न.पा. वडा नं. ७ | **रु.१५,९२,१४८।२५** (पन्ध्र लाख, बयानब्बे हजार, एक सय अड्चालिस रुपैया पैसा पच्चिस मात्र) | रु.१,०००।- | |
| आ.आ. ०९-०८२/०८३ | गुदरी वजार, राँगा, मासु, सुँगुर तथा तरकारी र फलफुल बजार, नवलपुर | लालबन्दी न.पा. वडा नं. १, नवलपुर बजार | रु.९,२६,२२७।५० (नौ लाख, छब्वीस हजार, दुई सय सत्ताईस रुपैंया पैसा पचास मात्र) | रु.१०००।- | |
| आ.आ. १०-०८२/०८३ | कवाडी माल संकलन कर | लालबन्दी न.पा. क्षेत्र | रु.४,००,५००।- (चार लाख, पाँच सय मात्र) | रु.१०००।- | |

**सर्तहरु :**

१. ठेक्का अवधी सम्झौता भएको मितिदेखी २०८३ आषाढ मसान्त सम्मको लागि हुनेछ ।

२. धरौटी बापत कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** मा नगद रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचरको वा "क" वर्गको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत (बिड बण्ड) शिलबन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ । धरौटी बापतको रकम यस कार्यालयबाट नगद बुझिने छैन ।

३. दरभाउपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको मु.अ. कर, अन्य कर र शुल्क दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

५. स्वीकृत दरभाउपत्रदाताले आफुले कवोल गरेको कुल रकम दरभाउपत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी प्रथम किस्ता वापत ३४ प्रतिशत नगद र बाँकी रकमको ७(सात) महिना म्याद भएको कार्यसम्पादन जमानत (बैंक ग्यारेण्टी) बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरी पट्टा उपलब्ध गराइनेछ । दोश्रो किस्ता बापतको रकम सम्झौता भएको मितिले २(दुई) महिना पश्चात ३३ प्रतिशत र तेश्रो किस्ताको बाँकी ३३ प्रतिशत रकम ठेक्का सम्झौता मिति समाप्त हुनु भन्दा १(एक) महिना अघि कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। दरभाउपत्र दाताले उल्लेखित प्रकृया अनुसार किस्ता रकम जम्मा नगरेमा कार्य सम्पादन जमानत (बैंक ग्यारेण्टी) वाट जफत गरी रकम अशुल गरिनेछ । दरभाउपत्रदाताले रकम दाखिला गर्दा कबोल रकम र मु.अ. कर रकम छुट्टा छुट्टै दाखिला गर्नु पर्नेछ ।

६. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता फर्म वा कम्पनिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूल उपर गरी बाँकी रकम भुक्तानी गरिनेछ ।

७. जुन फर्म वा कम्पनिको नामबाट दरभाउपत्र खरिद भएको हो सोही फर्म वा कम्पनिको नामबाट मात्र दरभाउपत्र दर्ता गर्न सकिनेछ। अन्य फर्म वा कम्पनिहरुको नामबाट दर्ता गराएको दरभाउपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको दरभाउपत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा कुन ठेक्काको लागि दरभाउपत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

८. माथि उल्लेख भएको ठेक्काहरु मध्ये सवै वा छुट्टा छुट्टै रुपमा पेश गर्न सकिनेछ । उक्त बमोजिम पर्न आएको दरभाउपत्र स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनछ ।

९. यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्रौं) दिन भित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र फाराम खरिद गरी १६(सोहौं) दिनको मध्यान्ह १२:०० वजे भित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ र सोही दिनको ०२:०० वजे लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा दरभाउपत्र खोल्ने कार्य हुनेछ । दरभाउपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। एक पटक दर्ता भै सकेको दरभाउपत्र फिर्ता हुने छैन ।

१०. ठेक्का सम्झौता भएपछी ठेकेदारले आर्थिक ऐन, २०८२ मा उल्लेखित दररेटमा शुल्क उठाउनु पर्नेछ ।

११. दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**